# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल

**सूचना नं २१२/०८२-०८३** **मितिः २०८२।१२।१०**

**स्थगित विज्ञापनहरूको पदपूर्ति कार्यक्रम सञ्चालनका लागि दरखास्त विवरण अद्यावधिक सम्बन्धमा ।**

यस आयोगबाट सूचना नं. ०१/२०७७-०७८, मिति २०७७/०६/२८ गते **अधिकृतस्तर आठौं र सातौं तहका स्वास्थ्य सेवा र इन्जिनियरिङ सेवाका** तपसिलमा उल्लिखित विज्ञापन नं., सेवा, समूह, उपसमूह र पदमा दरखास्त आव्हान गरी दरखास्त पेश गर्ने अन्तिम मिति २०७७/०७/१८ तोकिएकोमा सम्मानित सर्वोच्च अदालतबाट उक्त सूचनाबाट विज्ञापन प्रकाशन गरिएका सबै सेवा, समूह र उपसमूहका रिक्त पदहरूको स्थायी पदपूर्ति सम्बन्धी कुनै पनि कारबाही अगाडि नबढाई यथास्थितिमा राख्नू भनी मिति २०७७/०७/२५ गते यस आयोगको नाउँमा जारी भएको उत्प्रेषण अन्तरकालीन आदेशको कार्यान्वयनका लागि आयोगले मिति २०७७/०७/२८ गते सूचना नं. ०३/२०७७-०७८ बाट उल्लिखित सूचना नं. ०१/२०७७-०७८ का सबै विज्ञापनहरूको परीक्षा कार्यक्रम सम्बन्धी सम्पूर्ण कामकारबाही स्थगित गरेको थियो ।

सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२ साउन २१ गते उल्लिखित मुद्दा नं. ०७७-wo-०३५० को रिट खारेज भएको र सोको उत्प्रेषण हालै मात्र आयोगमा प्राप्त हुन आएको हुँदा स्थगित उक्त विज्ञापनहरूको परीक्षा कार्यक्रम लगायतका सबै काम कारबाहीहरू अगाडि बढाउने भनी यस आयोगको मिति २०८२।१२।०६ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ । साथै यस आयोगबाट सूचना नं. ०१/२०७७-०७८, मिति २०७७/०६/२८ गते प्रकाशन भएको **अधिकृतस्तर आठौं र सातौं तहका स्वास्थ्य सेवा र इन्जिनियरिङ सेवाका** विज्ञापन अनुसारका पदहरूमा दरखास्त पेश गरेका उम्मेदवारहरूले मात्र यस आयोगको Online Recrutiment System मार्फत २१ दिन भित्र पुन: दरखास्त साथ आवश्यक कागजातहरू पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवेदन दिन पाउने उम्मेदवारहरूले ध्यान दिनुपर्ने विषयहरू:**

१. **विवरण र कागजात सङ्कलन:-** स्थापनाकालमा सबै पूर्वाधारहरूले आयोग पूर्ण नरहेको र कोभिड महामारीको तत्कालिन समयमा कार्यालयमा उपस्थित भएर हार्डकपी बुझाउने आवेदकहरू संख्या पनि अत्यन्तै न्यून रहेको साथै अनलाइन प्रणाली पनि विवरणहरू सङ्कलनका लागि मात्र प्रयोग भएकोले हाल आयोगले सञ्चालनमा ल्याएको अनलाइन दरखास्त प्रणाली (Online Recruitment System) मार्फत आयोगको वेबसाइटमा प्रकाशित नामावलीमा नाम भएका (तत्कालिन समयमा आवेदन दिएर राजस्व बुझाएका) उम्मेदवारहरूले मात्र मिति २०७७।०७।१८ लाई अन्तिम दिन मानी साविकको विज्ञापन सूचना बमोजिम नै हुने गरी शैक्षिक योग्यता लगायतका आवश्यक सबै कागजातहरू पेश गर्नु पर्नेछ । उक्त मिति पछि जारी भएका कागजात र प्रमाणहरू मान्य हुने छैन ।


२. **नामावलीमा नाम खोज्नूपर्ने:-** उम्मेदवारहरूको नामावली वर्णानुक्रम अनुसार राखिएकोले खोज्न सजिलो हुनेछ । कार्यालयमा आएर हार्डकपि दरखास्त पेश गर्ने उम्मेदवारहरूको नामावली सम्बन्धित सेवा, समूह र पदको .pdf File को अन्तिममा राखिएको छ । बुँदा नं. ५ अनुसार नामावलीमा आफ्नो नाम भएको पेजको Screenshot or Image दरखास्त साथ पेश गर्नुपर्नेछ ।

३. **आवेदन पेश गर्दा छनौट गर्नु पर्ने पद, समावेशी समूह:-** प्रकाशित नामावलीमा जुन पद, सेवा, समूह, उपसमूह र समावेशी समूहमा आवेदन दिएको छ तत् तत् सेवा, समूह, उपसमूह र पद अनुसारकै समावेशी समूहमा मात्र आवेदन दिनु पर्नेछ । नामावली भएको बाहेकका पद र समावेशी समूहमा आवेदन दिन पाइने छैन ।


४. **आवेदन दस्तुर बुझाउनु नपर्ने सम्बन्धमा:-** प्रकाशित नामावलीमा बुझाएको राजस्वसँग महालेखा नियन्त्रक कार्यालयको Revenue Management System मा रहेको अभिलेखसँग भिडाइ राजस्व तिरेको/नतिरेको एकिन गरी दरखास्त स्वीकृत/अस्वीकृत गरिने हुँदा नामावलीमा बुझाएको देखिने राजस्व रकमभन्दा वढी नहुने गरी आवेदन दिनु पर्नेछ।

५. **आवेदन दिने तरिका:-**

आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np मा गएर अनलाइन प्रणाली हुँदै **"२०७७ का आवेदकहरूको नामावली"** भन्ने Option मा गएर सम्बन्धित पद अनुसारका फाइल खोलेर आफ्नो नाम खोज्नुहोला।




उदाहरण:- *२०७७ मा आवेदन दिएका उम्मेदवारले आवेदन पेश गर्दा आफ्नो नामावलीमा नाम भएको पेज upload Section मा अनिवार्य upload गर्नुपर्ने Screenshot अथवा Image*




| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६३७ | २८६६ | ५८२० | दीपक राज भट्ट | पुरूष | खुला | खुला | खुला | खुला | खुला | खुला | Janaki Devi Bhatt | Chandra Dev Bhatt | Ganga Datt Bhatt | ९८६८४४४२२५ | ६,००० | |
| ६३८ | ३८१४ | ५८२१ | दीपक रोकाया | पुरूष | खुला | खुला | खुला | खुला | खुला | खुला | ठुमुरा रोकाया | भिम बहादुर रोकाया | नौला सिंह रोकाया | ९८४८१५५२४६ | ६,००० | ०८००८८५८ |
| ६३९ | ५००८ | ५८२२ | दीपिका घोरासैनी | महिला | खुला, महिला | खुला, महिला | खुला, महिला | - | - | खुला, महिला | Usha Parajuli Ghorasaini | Ramkrishna Ghorasaini | Kul Prasad Ghorasaini | ९८४९२४७८८६ | ११,२०० | ४३६५४९० |
| ६४० | १०६८ | ५८२३ | दीपेन्द्र प्रसाद भट्ट | पुरूष | खुला | खुला | खुला | - | - | - | तुलसी देवी भट्ट | राम दत्त भट्ट | भोकि दत्त भट्ट | ९८५१२०१२६१ | ३,००० | ०७७०८६४८ |
| ६४१ | २२५८ | ५८२४ | दुन्दु राम वि.क. | पुरूष | खुला | खुला | - | - | - | खुला, दलित | सावित्री सुनार विश्वकर्मा | नर बहादुर विश्वकर्मा | बिल बहादुर विश्वकर्मा | ९८६७१५०५१८ | ३,४०० | १५१०९४८ |
| ६४२ | ३५३३ | ५८२५ | दुर्गा काफ्ले | पुरूष | खुला | खुला | खुला | खुला | खुला | - | शोभा कुमारी काफ्ले | चन्द्र कान्त काफ्ले | शसिधर काफ्ले | ९८०११५७३३३ | ५,००० | ०८०६४२७१ |
| ६४३ | ६७४७ | ५८२६ | दुर्गा नन्द गुप्ता | पुरूष | खुला, मधेसी | - | - | - | - | - | Mano [illegible] Gupta | [illegible] | Saryug Sah | ९८४१६६६७१६ | २,८०० | ४३७१११० |
| ६४४ | ६२७४ | ५८२७ | दुर्गा पराजुली | महिला | महिला | [illegible]ला | महिला | - | - | महिला | सुभद्रा [illegible] | [illegible] पराजुली | जय प्रसाद | ९८४७०२७७११ | ४,००० | २०७७-१८९८४५५ |

36

वा सिधै तल बाँयापट्टिको चित्रमा देखाइएजस्तै निलो रङ्गको Link मा गएर पनि आफ्नो विवरण हेर्न सकिनेछ। आफ्नो विवरण सहितको Image सुरक्षित गरी रेजा लगाई दायाँ पट्टिको चित्रमा देखाइएको Login Pannel बाट ID बनाएकोले Login गर्ने र User Password छैन भने नयाँ दर्ता गर्नुपर्नेछ।

*नोट:- नामावलीमा उल्लेख भएको मास्टर ID र रोल नं. अब नयाँ System बाट Generate भए अनुसार फरक हुनेछ र दरखास्त स्वीकृत भएपछि प्रवेशपत्रमा आए अनुसार कायम हुनेछ।*



आ.व. २०७७/०७८ मा आवेदन दिएर राजस्व बुझाउनुभई नामावलीमा नाम भएका उम्मेदवारहरूले मात्र आवेदन पेश गर्न मिल्ने हुँदा आवेदन र Document पेश गर्नु पूर्व तल दिइएको Link मा गई आफ्नो नामावली र क्र.सं. प्रष्ट आउने गरी Screenshot अथवा Image Save गर्नुहोस्।


नामावलीको Screenshot or Image आवेदन दिने क्रममा System ले तोकेको Section मा अनिवार्य अपलोड गर्नुपर्नेछ। (समस्या आएमा Profile भित्र समावेशी कागजात राख्ने ठाउँमा "अन्य" छानेर पनि अपलोड गर्न सकिनेछ।)

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश    Whatsapp: 9857088697

आफ्नो नाम खोज्नको लागि तल दिइएको निलो रङ्को Link मा Click गर्नुहोस्



उल्लिखित अनुसार सुरक्षित गरेको आफ्नो नामावली र क्र.सं. सहितको Screenshot/Image तल उदाहरणमा देखाइए जस्तै रेजा (√) चिन्ह लगाइएको ठाउँमा choose गरेर Upload मा Click गर्नुहोला।



इन्जिनियर
52001-52004/2077-78

Back To List

| Select | Advertisement Number | Service | Group | Sub-Group | Post | Class / Level | Quota | Number of vacancy | Last Date for Payment | Last Date for Payment(Double |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ☐ | 52001/2077-78 | इञ्जिनियरिङ | सिभिल | हाइवे | इन्जिनियर | अधिकृतस्तर सातौं | खुला | 3 | 2082-12-30 | 2082-12-30 |
| ☐ | 52002/2077-78 | इञ्जिनियरिङ | सिभिल | हाइवे | इन्जिनियर | अधिकृतस्तर सातौं | महिला | 1 | 2082-12-30 | 2082-12-30 |
| ☐ | 52003/2077-78 | इञ्जिनियरिङ | सिभिल | हाइवे | इन्जिनियर | अधिकृतस्तर सातौं | आदिवासी जनजाति | 1 | 2082-12-30 | 2082-12-30 |
| ☐ | 52004/2077-78 | इञ्जिनियरिङ | सिभिल | हाइवे | इन्जिनियर | अधिकृतस्तर सातौं | मधेशी | 1 | 2082-12-30 | 2082-12-30 |



नामावलीको क्र.सं.    नामावलीको Screenshot/image

**६. आवेदन पेश गर्ने र कागजातहरू अपलोड गर्ने अन्तिम मिति :-**

*२०८२ चैत्र ३० गते, राती १२:०० बजे सम्म (ppsconline.lumbini.gov.np/login अनलाइन प्रणालीबाट मात्र)*

**७. User ID र Password:-** यस प्रणालीमा आवेदन दिनका लागि नयाँ ID बनाउनुपर्नेछ। तर लुम्बिनी प्रदेशमा २०७७ पछि अन्य विज्ञापनमा आवेदन दिएको भएमा सोही ID बाट नै आवेदन दिनु पर्नेछ। User Credentials हराएमा नागरिकता नं. बाट ID Password Reset गर्न सकिनेछ।

**८. लिखित परीक्षा मिति:-** लिखित परीक्षाको मिति पछि प्रकाशन गरिनेछ।

**९. नामावलीमा नाम नभेटिएमा:-** उक्त प्रकाशित नामावलीमा आफ्नो नाम नभेटिएका तर आवेदन दिएको हो भने आवेदन दिएको प्रमाण र भौचर सहित आयोगको Email *ppsc.lumbini@gmail.com* मा पठाइ कार्यालयबाट रुजु भएमा तोकिएको म्याद भित्र आवेदन पेश गर्नुपर्नेछ।

१०. विज्ञापन उल्लिखित सेवा, शर्त र विषयहरू सोही विज्ञापनका सूचनाहरू अनुसार नै हुने र अन्य कुराहरू प्रदेश निजामती सेवा ऐन तथा नियमावली, २०८१ बमोजिम हुने।

*सूचना नं. ०१/२०७७-०७८ बाट विज्ञापन प्रकाशन भएका पदहरूको विवरण*

| क्र.सं. | वि.नं. | पद | सेवा, समूह, उपसमूह | माग पदसंख्या |
|---|---|---|---|---|
| १. | ५१००१-५१००७/२०७७-७८ | मेडिकल अधिकृत | स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | ४९ |
| २. | ५१००८-५१००११/२०७७-७८ | नर्सिङ्ग अधिकृत | स्वास्थ्य, जनरल नर्सिङ | ७ |
| ३. | ५१०१२-५१०१३/२०७७-७८ | फिजियोथेरापिष्ट | स्वास्थ्य, फिजियोथेरापी | ३ |
| ४. | ५१०१४-५१०१६/२०७७-७८ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी | ५ |
| ५. | ५२००१-५२००४/२०७७-७८ | इन्जिनियर | इन्जिनियरिङ, सिभिल, हाइवे | ६ |
| ६. | ५२००५-५२००७/२०७७-७८ | इन्जिनियर | इन्जिनियरिङ, सिभिल, जनरल | ४ |
| ७. | ५२००८-५२०११/२०७७-७८ | इन्जिनियर | इन्जिनियरिङ, सिभिल, इरिगेशन | ६ |
| ८. | ५२०१२-५२०१३/२०७७-७८ | इन्जिनियर | इन्जिनियरिङ, सिभिल, हाइड्रोपावर | २ |
| ९. | ५२०१४/२०७७-७८ | इन्जिनियर | इन्जिनियरिङ, सिभिल, स्यानिटरी | १ |
| १०. | ५२०१५-५२०१९/२०७७-७८ | इन्जिनियर | इन्जिनियरिङ, सिभिल, वि.आ. | ९ |
| ११. | ५२०२०-५२०२२/२०७७-७८ | मेकानिकल इन्जिनियर | इन्जिनियरिङ, मेकानिकल, ज.मे. | ४ |
| | | | **जम्मा** | **९६** |

| | | |
|---|---|---|
| नरेन्द्र थापा<br>(अधिकृत कम्प्युटर) | नारायण भट्टराई<br>(वरिष्ठ अधिकृत) | राजेन्द्र प्रसाद पौडेल<br>(वरिष्ठ अधिकृत) |


E-mail: ppsc.lumbini@gmail.com, Website:www.ppsc.lumbini.gov.np, Facebook:- ppsc.lumbini, Whatsapp 9857088697